Australian Government | Tuition Protection Service

# शिक्षा प्रदायकको अक्षमता पछिको विद्यार्थी सहायता प्रक्रिया

तपाईंको शिक्षा वा प्रशिक्षण प्रदायक:

- बन्द हुन्छ, तपाइँ भर्ना भएको पाठ्यक्रम सुरु गर्न असफल हुन्छ, वा तपाइँको पाठ्यक्रम आंशिक रूपमा पढाउन बन्द गर्दछ; र
- तपाईंको प्रदायक तपाईंको शिक्षण शुल्क फिर्ता गर्न सक्षम छैन, सक्रिय रूपमा तपाईंको शिक्षण शुल्क फिर्ता गरिरहेको छैन, वा अर्को प्रदायकसँग तपाईंको अध्ययन पूरा गर्ने व्यवस्था मिलाईरहेको छैन भने

TPS ले यसलाई **'प्रदायक अक्षमता'** भन्छ।

---

**TPS** ले तपाइँले तपाइँको प्रदायकलाई दिनुभएको सम्पर्क विवरणहरुमा सम्पर्क गर्दछ।

---

**TPS** ले तपाईंलाई अब के गर्ने भन्ने बारे सल्लाह दिन र TPS अनलाइन केस व्यवस्थापन प्रणाली कसरी प्रयोग गर्ने भनेर देखाउनको लागि सूचना सत्रमा उपस्थित हुन आमन्त्रित गर्दछ।

**TPS** ले तपाईंलाई लग इन गर्न इमेल पठाउँछ। **तपाईंले** www.tps.gov.au मार्फत TPS अनलाइन पहुँच गर्न सक्नुहुन्छ।

---

**तपाईं** TPS अनलाइनमा लग इन गर्नुहोस्।

TPS अनलाइनमा, **तपाईंले**आफ्नो पासवर्ड परिवर्तन गर्न आवश्यक छ, तपाईंको प्रदायकले तपाईंप्रतिको दायित्व पूरा गरेको छ कि छैन उल्लेख गर्न, फोटो पहिचान (पासपोर्ट वा सवारी चालक इजाजतपत्र) अपलोड गर्न, र तपाईंको सम्पर्क विवरणहरू अद्यावधिक गर्न आवश्यक छ।

---

**TPS** ले तपाईंलाई वैकल्पिक अष्ट्रेलियाली प्रदायकसँग आफ्नो शिक्षा र तालिम सुरु/जारी राख्नका लागि उपयुक्त विकल्पहरू खोज्न मद्दत गर्न सक्छ।

---

यदि उपयुक्त वैकल्पिक प्रदायक फेला परेन, वा पाठ्यक्रम स्थानान्तरण अवधि समाप्त भएको छ भने, **TPS** ले तपाईले तिरेको तर तपाईंको शिक्षा र प्रशिक्षण प्रदान गर्न तपाईंको प्रदायकद्वारा प्रयोग नगरिएको कुनै पनि शुल्क फिर्ताको लागि तपाईंको दावीको मूल्यांकन गर्नेछ।

TPS ले यसलाई **'खर्च नगरिएको शिक्षण शुल्क'** भन्छ।

**तपाईंले** TPS लाई तपाइँको पाठ्यक्रम शुल्क र तपाइँको प्रदायक (र तपाइँको एजेन्ट, यदि प्रयोग गर्नुभएको छ भने) को सबै भुक्तानीको प्रमाण देखाउने वित्तीय कागजातहरू प्रदान गर्न आवश्यक छ। यी तपाईंको फिर्ता रकम हिसाब गर्न आवश्यक छन्।

---

**TPS** ले तपाइँको फिर्ता रकम हिसाब गर्दछ र तपाइँलाई TPS अनलाइनमा बैंक खाता विवरणहरू प्रदान गर्न इमेल पठाउँछ।

**तपाईंले** TPS अनलाइनमा बैंक खाता विवरणहरू प्रदान गर्नुहोस्। **TPS** ले तपाइँको मनोनित बैंक खातामा तपाइँको खर्च नगरिएको शिक्षण शुल्क फिर्ता गर्दछ।

---

यदि तपाईं अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने, **तपाईंले** अष्ट्रेलियामा अध्ययन जारी राख्न र तपाईंको विद्यार्थी प्रवेशाज्ञाका मापदण्डहरू पूरा गर्न तीन महिना भित्र अर्को प्रदायकसँग भर्ना गर्नुपर्नेछ।

**तपाईं** अष्ट्रेलियामा अध्ययन जारी राख्नुहुन्छ।

---

**वेबसाइट:** www.tps.gov.au | **इमेल:** support@tps.gov.au | **फोन:** 1300 131 798